ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*********************************

# समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययनको अवधारणात्मक ढाँचा

## Conceptual Framework for the Cultural Study of Contemporary Nepali Short Stories

हर्कबहादुर शाही[१] गुरुप्रसाद पोखरेल[२]
Harkabahadur Shahi[1], Guru Prasad Pokharel[2]

DOI: https://doi.org/10.3126/amrj.v4i1.78687

[१]त्रि व अनुसन्धान निर्देशनालय, कीर्तिपुर
Email: Shahiharka482075@gmail.com ORCID: https://orcid.org/0009-0007-4068-3175
[२] उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ
Email: gurupokharel@gmail.com ORCID: https://orcid.org/0009-0004-9000-1716
Article History: Received: Jan. 20, 2025 Revised: April. 14, 2025 Received: May. 5, 2025

### लेखसार

प्रस्तुत लेखमा समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययनको अवधारणात्मक ढाँचा वा सवरुपका बारेमा चर्चा गरिएको छ । सांस्कृतिक अध्ययनको अवधारणा साहित्य अध्ययनका क्षेत्रमा देखा परेको पछिल्लो समालोचनात्मक मान्यता हो । यसले साहित्यको अध्ययन गर्दा सामाजिक, सांस्कृतिक र कृतिमा रहेको सांस्कृतिक स्वरूपको अध्ययनलाई प्रमुख आधार बनाउँछ । समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन भन्नाले कथाकृतिमा अभिव्यक्त सामाजिक-आर्थिक सम्बन्ध, प्रभुत्वशाली वर्ग र सीमान्त वर्गको स्थिति, केन्द्रीय शक्ति विरुद्ध सीमान्तमा रहेको शक्तिले गर्ने प्रतिरोध, नवनिर्मित संस्कृतिको स्वरूप, पहिचान तथा प्रतिनिधित्वका सवाल आदिको खोजी, अध्ययन, विश्लेषण भन्ने बुझिन्छ । नेपाली कथाका सन्दर्भमा समकालीनता भन्नाले वि.सं. २०२० पछि देखापरेका कथागत मूल्य तथा मान्यतालाई लिने गरिएको पाइन्छ । अन्तर्बाह्य राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनहरूले यस समयका कथाहरूलाई प्रभावित पारेका छन् ।

*बीजशब्द* : पहिचान र प्रतिनिधित्व, शक्तिकेन्द्र, संस्कृति, सबाल्टर्न, लैङ्गिकता

### विषयपरिचय

प्रस्तुत अध्ययन पत्रको शीर्षक समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययनको अवधारणात्मक ढाँचा हो । साहित्यमा समकालीनताले वर्तमान समयमा प्रतिबिम्बित युगबोध तथा सृजन-जगत्मा देखापरेका नवीन मूल्य तथा मान्यताहरूलाई बुझाउने गर्दछ । समकालीनता निरन्तर प्रवाहशील अस्थिर समय हो र यसले परिवर्तित समयअनुसारको प्रवृत्ति र विशेषताहरूलाई आत्मसात गरेको हुन्छ । यसरी परिवर्तित समयअनुसार आज वा अहिलेको वर्तमानसँग सम्बद्ध अभिलक्षण र विशेषताहरू भएको समकालीन हो । मूलतः चालु वा अहिलेको वर्तमानसँग सम्बद्ध हुनु, परिवर्तित समयसँग सम्ब्द्ध हुनु र नेपाली कथामा परिवर्तित समयले ल्याएका अभिलक्षण हुनु समकालीन नेपाली कथाका मुख्य परिचायक अभिलक्षण हुन् । समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन भन्नाले कथाकृतिमा अभिव्यक्त सामाजिक-आर्थिक सम्बन्ध, प्रभुत्वशाली वर्ग र सीमान्त वर्गको स्थिति, केन्द्रीय शक्ति विरुद्ध सीमान्तमा रहेको शक्तिले गर्ने प्रतिरोध, नवनिर्मित संस्कृतिको स्वरूप, पहिचान तथा प्रतिनिधित्वका सवाल आदिको खोजी, अध्ययन, विश्लेषण भन्ने बुझिन्छ । नेपाली कथाका सन्दर्भमा समकालीनता भन्नाले वि.सं. २०२० पछि देखापरेका कथागत मूल्य तथा मान्यतालाई लिने गरिएको पाइन्छ । अन्तर्बाह्य राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनहरूले यस समयका कथाहरूलाई प्रभावित पारेका छन् ।

सांस्कृतिक अध्ययनको अवधारणा साहित्य अध्ययनका क्षेत्रमा देखा परेको पछिल्लो समालोचनात्मक मान्यता हो । यसले साहित्यको अध्ययन गर्दा सामाजिक, सांस्कृतिक र कृतिमा रहेको सांस्कृतिक स्वरूपको अध्ययनलाई प्रमुख आधार बनाउँछ । त्यसै गरी सांस्कृतिक इतिहास लेखनको अवसरबाट वञ्चित भएका समुदाय, वर्ग वा समूहको इतिहास लेखनलाई यसले जोड दिन्छ । मानिसले जे जति ज्ञात वा अज्ञात रूपबाट सिक्छ त्यो सबै संस्कृतिमा सम्मिलित हुन्छ । सन् १९६० पछि विकसित भएको सांस्कृतिक अध्ययन उत्तरआधुनिक दर्शनको सांस्कृतिक अभिव्यक्ति हो । नवमार्क्सवादबाट प्रारम्भ भएको यो बहुअनुशासनात्मक अध्ययन पद्धति हो । यसले मानव जीवनको समग्र पद्धतिलाई संस्कृति मान्छ । संस्कृतिभित्र समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन हुन्छ । यो जीवन पद्धतिभित्रको अर्थ वा मूल्यको खोजी पनि हो । यसरी कुनै पनि कृतिको अध्ययन गर्दा त्यस कृतिमा प्रस्तुत भएको सामाजिक, आर्थिक, सांस्कृतिक, वर्गीय, लैङ्गिक उपस्थिति, राजनीतिक सन्दर्भ, परिवेश तथा स्थानगत सन्दर्भ आदि कुराहरूलाई केन्द्रमा राखेर त्यसको पहिचान गर्नु पर्दछ भन्ने मान्यता सांस्कृतिक अध्ययनले राख्दछ । यसप्रकार शक्ति सम्बन्धको व्याख्या, प्रतिनिधित्व, पहिचान र प्रतिरोध, संस्कृतीकरण, सांस्कृतिक सम्मिश्रण, विलयन जस्ता पक्षमाथि सांस्कृतिक अवधारणाले विशेष ख्याल राख्छ ।

## समस्याकथन

सांस्कृतिक अध्ययनमा समाजमा केन्द्र र परिधिको सम्बन्ध, तिनीहरूबीचको अन्तर्द्वन्द्व तथा शक्ति सन्तुलनमा प्रयास महत्त्वपूर्ण पक्ष मानिन्छन् । प्रस्तुत अध्ययन पत्रको समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन गर्ने आधारहरू के कस्ता हुन् सक्छन् भन्ने मुख्य समस्या हो ।

## उद्देश्य

विश्व साहित्यका क्षेत्रमा नवीन समालोचना शास्त्रका रूपमा देखा परेको सांस्कृतिक अध्ययनअन्तर्गत समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन गर्नका लागि आवश्यक पर्ने अवधारणात्मक ढाँचाको निर्माण गर्नु प्रस्तुत अध्ययन पत्रको मुख्य उद्देश्य हो ।

## अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

सांस्कृतिक अध्ययन वर्तमान समयमा महत्त्वपूर्ण सवालका रूपमा रही आएको छ । समय, समाज र ज्ञानको परिवर्तन र विकाससँगै समाजको सांस्कृतिक स्वरूप र संरचनामा पनि परिवर्तन भई रहेको वर्तमान अवस्थामा यसको अध्ययन वाञ्छनीय बनेको देखिन्छ । समाजको सांस्कृतिक स्वरूपको परिवर्तनसँगै साहित्यिक कृतिले प्रस्तुत गर्ने सांस्कृतिक संरचनाको परिवर्तन स्वतः हुन्छ । यसकारण समकालीन नेपाली कथाको सांस्कृतिक अवधारणात्मक ढाँचाको निर्माण गर्नु औचित्यपूर्ण छ । यसले सम्बन्धित विषयको अध्ययन परम्परामा नयाँ ज्ञानको प्रतिपादन हुनाका साथै यस विषयको अध्ययन, अनुसन्धान, पठनपाठन आदिका स्तर वृद्धिमा समेत योगदान पुग्न जाने देखिन्छ । तसर्थ यस अध्ययनको महत्त्व रहेको छ ।

# सामग्री सङ्कलन तथा शोधविधि

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन कार्य साहित्यिक विषयक भएको हुँदा यसमा तदनुरूपकै सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ । यस क्रममा पुस्तकालयीय कार्यबाट मुख्य सामग्रीका रूपमा सांस्कृतिक अध्ययनको अवधारणात्मक स्वरूप निर्माण गर्न आवश्यक सम्पूर्ण सामग्रीहरूको सङ्कलन गरिएको छ । त्यसै गरी अवधारणात्मक ढाँचाको निर्माण गर्दा सांस्कृतिक अध्ययनका दुई प्रमुख सम्प्रदाय अमेरिकी सांस्कृतिक अध्ययन परम्परा र ब्रिटिस सांस्कृतिक अध्ययन परम्परा दुवैका मान्यतालाई आवश्यकताअनुसार उपयोग गरिएको छ ।

ISSN: pISSN 2976-1344 eISSN 2976-1352
AMC Multidisciplinary Research Journal (AMRJ)
Volume: 4 Issue: 1, Year 2025
*********************************

**शोधविधि**

समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययनको अवधारणात्मक ढाँचा निर्माणमा केन्द्रित रहेको प्रस्तुत अध्ययन पत्रमा त्यसको खोजीका लागि सांस्कृतिक अध्ययनमा विकसित अमेरिकी सांस्कृतिक अध्ययन र बेलायती सांस्कृतिक अध्ययन परम्पराका आधारमा सांस्कृतिक अध्ययन गर्ने सामान्य अवधारणा मात्र निर्माण गरिएको छ । कथाको विश्लेषण चाहिँ गरिएको छैन । सैद्धान्तिक अवधारणाको निर्माण गरिएको प्रस्तुत कार्य आगमनात्मक विधिमा केन्द्रित रहेको छ ।

## सांस्कृतिक अध्ययनको अवधारणात्मक ढाँचा

समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन गर्ने ढाँचा अवधारणात्मक रहेको छ । सांस्कृतिक अध्ययनको मूल केन्द्र संस्कृति नै रहेको हुनाले यसका बारेमा संक्षिप्त जानकारी गराउन आवश्यक देखिन्छ । परम्परागत रूपमा रीतिस्थिति, कर्मकाण्ड, धार्मिक क्रियाकलापहरू, गीतसङ्गीतहरू आदिलाई संस्कृतिका रूपमा बुझिँदै आइएको छ । कतिपयले भौतिक वस्तुहरू (हातहतियारहरू, भाँडाकुँडा, धातु, आभूषण र भेषभूषा) लाई पनि संस्कृतिका रूपमा लिने गरेका छन् । सांस्कृतिक अध्ययनले उच्च संस्कृति र लोकप्रिय संस्कृतिमध्येको विभाजनलाई अस्वीकार मात्र नगरेर साहित्य समालोचनालाई कला, फिल्म, प्रदर्शनी, टेलिभिजन जस्ता संस्कृतिका अन्य क्षेत्रहरूसँग पनि जोडेको छ (उप्रेती, २०६८ : २९) । इ.बि. टाइलरले संस्कृति त्यो संश्लिष्ट रूप हो, जसभित्र समाजको सदस्यका रूपमा मान्छेले आत्मसात गर्ने ज्ञान, विश्वास, आचरणहरू र अन्य क्षमताहरू पर्छन् (पाण्डेय, २०७३ : ५४) भनेर संस्कृतिलाई चिनाएका छन् । त्यस्तै मार्गरेट मिडले संस्कृति समाज वा उपसमूहले सिकेको आचरण हो भनेका छन् । मार्क्सवादले कुनै समाजको राजनीति र अर्थव्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन संस्कृति हो भनेको छ । अर्थात् उत्पादन पद्धति र उत्पादन सम्बन्धद्वारा निर्मित आर्थिक आधारको अधिरचनामा हुने विचारधारात्मक प्रतिबिम्ब संस्कृति हो । यसरी संस्कृति जैविक/प्राकृतिक नभई मानवनिर्मित हुन्छ । संस्कृतिका दुई रूप छन् : भौतिक संस्कृति र आत्मिक संस्कृति । भौतिक संस्कृतिभित्र उत्पादनका औजारहरू, आभूषणहरू, वेशभूषाहरू, घरभवनहरू, खाद्यलगायत मानवनिर्मित सबै कुराहरू पर्दछन् । आत्मिक संस्कृतिभित्र विचार, विश्वास, नैतिकता, मूल्य, मान्यता, धर्म, दर्शन, शिक्षा, बोली, भाषा, साहित्य, कलालगायत मानवसँग सम्बन्धित सबै कुराहरू पर्दछन्। नवमार्क्सवादी/उत्तरमार्क्सवादी र रेमन्ड बिलियम्स्ले संस्कृतिलाई चिनाउँदै भनेका छन्- संस्कृतिभित्र उत्पादनको सङ्गठन वा पद्धति, परिवारको संरचना, सामाजिक सम्बन्धलाई व्यक्त गर्ने वा शासित गर्ने संस्थाको संरचना, समाजका सदस्यले विचार विनिमय गर्दा देखिने भाषागत र आचरणगत विशेषताहरू पर्छन् (गिरी, २०७० : १३) । यसरी यिनले संस्कृतिलाई समग्र जीवनपद्धति मानेको देखिन्छ । उत्तरमार्क्सवादी लक्लाउ र च्यान्टल मुफले संस्कृति अर्थको उत्पादन, उपभोग र प्रसारण हो भनेर संस्कृतिलाई चिनाएका छन् (पाण्डेय, २०७३ : ५६) । नवमार्क्सवादी स्टुआर्ट हलले संस्कृति साहित्य, टेलिभिजन कार्यक्रम, प्रहसनलगायतका वस्तुहरूको समष्टि मात्रै होइन त्यो एउटा प्रक्रिया वा व्यवहारहरूको व्यवस्था पनि हो । अझ यो अर्थको उत्पादन र विनिमय हो, अनि कुनै सांस्कृतिक वस्तु जुन परिवेश वा सन्दर्भमा रचना हुन्छ र त्यसले जुन अर्थको सङ्केत गर्छ त्यसको जालोसमेत हो, सँगसँगै त्यस सञ्जालरूपी सङ्केतमा आउने परिवर्तनसमेत हो (पाण्डेय, २०७३ : ५६) ।

यसरी सांस्कृतिक अध्ययन एक व्यापक अध्ययन क्षेत्र भएको विषय हो । स्थान, लैङ्गिकता, विचारधारा, पहिचान, जीवनशैली, उपसंस्कृति, उपभोक्ता संस्कृति, फेसन अध्ययन, सङ्गीत, पपुलर कल्चर, मिडिया अध्ययन, शरीर, भूमण्डलीयता, उत्तर औपनिवेशिकता आदि सांस्कृतिक अध्ययनका क्षेत्रहरू हुन् । सांस्कतिक अध्ययनको उद्देश्य हरेक ठाउँमा र विशेष गरी औद्योगिक पुँजीवादी समाजमा व्याप्त प्रभुत्वको संरचनालाई बुझ्नु र परिवर्तन गर्नु हो । सांस्कृतिक अध्ययनका बेलायती सांस्कृतिक अध्ययन र अमेरिकी सांस्कृतिक अध्ययन गरी दुई ओटा धारा रहेका छन् । तिनको सङ्क्षेपमा यसप्रकार चर्चा गरिएको छ :

### बेलायती सांस्कृतिक अध्ययनको धारा

सांस्कृतिक अध्ययनको आरम्भ सन् १९६० को दशकमा रिचार्ड होगार्ट, रेमन्ड बिलियम्स्, इ.पी. थम्पसन र स्टुआर्ट हलले गरेका हुन् । यिनीहरूले उच्च संस्कृतिका विरोधमा नयाँ औद्योगिक श्रमिक वर्गको संस्कृतिलाई स्थापित

गराउने र लोकप्रिय संस्कृतिका रूपमा चिनाउने काम गरे । त्यसै गरी समाज लिङ्ग, जाति, धर्म, क्षेत्रसँगै वर्ग बीचको द्वन्द्वबाट सञ्चालित छ भन्दै पहिचानको चेतनालाई अगाडि ल्याए । नवमार्क्सवादबाट सैद्धान्तिक आधार ग्रहण गरेको बेलायती सांस्कृतिक अध्ययनमा पनि आधार र अधिरचनाबीचको सम्बन्धको भूमिका महत्त्वपूर्ण रहन्छ । यसमा युवा, उपसंस्कृति र टेलिभिजन समाचार कार्यक्रमका अतिरिक्त अन्य बहुविध विषयको अध्ययन गरिन्छ । साथै यसले जनतालाई संस्कृति र शक्तिका विभिन्न रूपबीचको अन्तर्सम्बन्धलाई बुझ्ने र सशक्त बनाउने प्रयास गर्छ । स्टुआर्ट हलले यो मार्क्सवादका निकट रहेर गरिएको, मार्क्सवादमाथि गरिएको, मार्क्सवादका विरुद्ध गरिएको र मार्क्सवादलाई विकास गर्नका लागि गरिएको कार्य थियो भन्दै बेलायती सांस्कृतिक अध्ययनको सम्बन्ध मार्क्सवादसँग भएको उल्लेख गरेका छन् । यस सन्दर्भमा लुइस आल्थुसरले चाहिँ मूल मार्क्सवादलाई आलोचना गर्दै संरचनावादी मार्क्सवादको व्याख्या गरे । यिनले संस्कृति आर्थिक आधारमाथि न त पूर्ण रूपमा निर्भर रहन्छ न पूर्ण रूपमा स्वायत्त हुन्छ, आर्थिक जस्तै कानुन, धर्म, शिक्षा, राजनीति, संस्कृति, कला, साहित्य जस्ता विचारधारात्मक उपकरणहरूले पनि सामाजिक संरचना निर्माणमा भूमिका खेलेका हुन्छन् भनेका छन् । यस भनाइले संस्कृतिको सम्बन्ध आर्थिक आधारसँग भए पनि त्यसमा नै पूर्ण रूपमा यो निर्भर नहरने मतलाई अगाडि सारेको बुझ्न सकिन्छ । त्यस्तै ब्रिटिस सांस्कृतिक अध्ययनमा अन्तोनियो ग्राम्सीको प्रभुत्वसम्बन्धी विचारले पनि प्रभावपूर्ण स्थान राखेको देखिन्छ । यस चिन्तनअनुसार शक्ति र शासनमा रहेको वर्गले आफ्नो शक्तिको प्रभावलाई बचाई राख्नका लागि केवल शक्ति/बलको मात्र प्रयोग गर्दैन । वार्ता र सहमति पनि एउटा त्यस्तो शक्ति हो, जसले निम्न वर्ग वा श्रमिक वर्गलाई यसरी सम्झौताको स्थितिमा बाँधिदिन्छ कि उनीहरूले आफू शोषित पीडित भएको स्थितिको बोध नै गर्न सक्दैनन् वा गरे पनि त्यसलाई आफ्नो पूर्वकार्यको फल सम्झन्छन् (पाण्डेय, २०७३ : ५६) । पुँजीपतिहरू तथा सामन्तवादीहरूले गर्ने शोषण एवम् श्रमिकबाट लिने अतिरिक्त मूल्यलाई उनीहरूको अधिकारका रूपमा स्वीकार गर्छन् । वर्तमान उत्पीडनकारी संरचनाप्रति तटस्थ बनाउन वा त्यसप्रति मत्थर बनाउन राज्यले बुद्धिजीवीहरूको प्रयोग गर्छ । यस्ता बुद्धिजीवीको उत्पादनका लागि शासकले राज्यकोषको दुरूपयोग गर्छ । उनीहरूले शक्तिको रक्षाका लागि बौद्धिक शोषणको वातावरणलाई जीवित राखी रहन्छन् । यसरी बेलायती सांस्कृतिक अध्ययनले संस्कृतिलाई आर्थिक शक्ति सम्बन्धद्वारा सिर्जित वर्ग सङ्घर्ष र सामाजिक सम्बन्धको अभिव्यक्ति मान्दछ । यसले आल्थ्युसर र ग्राम्सीका धारणालाई आत्मसात गरेको देखिन्छ ।

**अमेरिकी सांस्कृतिक अध्ययनको धारा**

अमेरिकी सांस्कृतिक अध्ययनको परम्परा सन् १९६० को दशकदेखि प्रारम्भ भएको हो । सन् १९६० को दशकमा देखापरेका सांस्कृतिक प्रतिरोध समूहहरू, स्वतन्त्रताका अभियन्ताहरू, नागरिक अधिकारकर्मीहरू, नारीवादीहरू, तेस्रो लिङ्गी आन्दोलनलगायतका विभिन्न आन्दोलनले अमेरिकामा परम्परागत सांस्कृतिक, आर्थिक र राजनीतिक विषयमा प्रश्न उठाए । यसले पहिरन, साहित्य, राजनीतिक सहभागिता, यौन नैतिकता जस्ता विषयहरूमा परिवर्तन ल्यायो र सांस्कृतिक अध्ययनको आधार तयार भयो (भट्टराई, २०७० : ३४३) । अमेरिकी सांस्कृतिक अध्ययन बहुलतावादी प्रवृत्तितिर ज्यादा झुकेको छ । यसले उत्तरआधुनिकतावादले जस्तै अनिश्चित, बहुलता, केन्द्रभञ्जन, स्थानीयता आदिमा जोड दिँदै सार्वजनीनता र पूर्णतालाई अस्वीकार गर्छ । यसले उच्च वा अभिजात संस्कृति र निम्न वा जनसामान्यको संस्कृति (मास कल्चर) का बीचको व्यतिरेकलाई अस्वीकार गर्छ । यसले प्रतिनिधित्वलाई हेर्नु पर्नेमा जोड दिन्छ र यसका लागि लेखकीय राजनीतिक स्थान, भूगोल, लेखकको सांस्कृतिक विचारधारा आदिलाई सन्दर्भीकृत गरेर अध्ययनको आधार तय गर्छ । यो फुकोको मान्यता हो । यसलाई उनले विमर्शात्मक संरचना भनेका छन् । कुनै खास विमर्शात्मक संरचनामा एउटा सांस्कृतिक मान्यता केन्द्रमा रहने र परिधिमा रहेका अन्य संस्कृतिभन्दा केन्द्रमा रहेको संस्कृति मूलधारको संस्कृतिका रूपमा रहने कुरा फुकोले गरेका छन् । केन्द्रमा रहेको संस्कृतिसँग परिधीय संस्कृतिले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि सङ्घर्ष गरी रहेको हुन्छ र केन्द्रतिर परिधिको संस्कृतिलाई लैजान प्रयास गर्छ । यसरी यस अध्ययनले केन्द्र र परिधिका बीचमा रहेको असमान सम्बन्धलाई अनावृत्त गर्ने काम गर्छ । बौद्रिलार्द, फुको, ल्योतार्ड आदिको चिन्तनमा अडेको यस अध्ययनमा राजनीति, अर्थ तथा वर्गको कुनै महत्त्व हुँदैन । यसले विचार र चिन्तनको शक्तिमाथि प्रश्न उठाउँछ । मार्क्सवादको प्रतिरोधमा देखा परेको यसले केन्द्र मात्र शक्तिको स्रोत हो भन्ने मान्यताका विपरीत सीमान्तमा पनि शक्ति छरिएको हुने र त्यो हरबखत केन्द्रीय शक्तिको प्रतिरोधमा तत्पर हुने कुरामा विश्वास राख्दै ती दुई शक्तिका बीचमा हुने अन्तरविरोधको अवस्था कस्तो छ भन्ने कुरालाई महत्त्व दिन्छ । यसले शक्तिको प्रयोग सधैँ माथिबाट मात्र हुन्छ नभनी परिधीय संस्कृतिले केन्द्रमा जानका लागि प्रतिरोध गर्दा शक्ति तलबाट माथि पनि जान्छ भन्छ । यसरी पहिचान र प्रतिनिधित्वले परिधिको प्रतिरोध र परिधिलाई केन्द्रातिर

तान्ने प्रयत्नका सवालमा यसले विशेष महत्त्व दिन्छ । यो केन्द्रीय संस्कृतिका व्यतिरेकमा सीमान्त/परिधीयमा रहेको संस्कृतिको अध्ययनमा रमाउँछ ।

सांस्कृतिक अध्ययनमा रहेका उक्त दुई अध्ययन परम्पराका मान्यताहरूका आधारमा नै यस अध्ययन कार्यमा विश्लेषणको ढाँचा तयार पारिएको छ । कृतिमा अभिव्यक्त सामाजिक, आर्थिक सम्बन्ध र प्रभुत्वशाली वर्ग र सीमान्त वर्गको स्थिति, केन्द्रीय शक्तिको विरुद्ध सीमान्तमा रहेको शक्तिले गर्ने प्रतिरोध, नवनिर्मित संस्कृतिको स्वरूप, पहिचान तथा प्रतिनिधित्वका सवाल आदिको खोजी तथा अध्ययन सांस्कृतिक अध्ययनमा हुन्छ । यहाँ समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययनका निम्ति निम्नलिखित बुँदाहरू तयार गरिएको छ र यसलाई नै कथा विश्लेषणको अवधारणात्मक ढाँचा भनिएको छ :

### *जातीय संस्कृति : पहिचान र प्रतिनिधित्वको सन्दर्भ*

समाजको सांस्कृतिक स्वरूपको निर्माणमा जातीय संरचनाको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जातजातिको अवधारणा ल्याएर त्यसैका आधारमा मान्छे मान्छेका बीचमा विभेदको पर्खाल निर्माण गर्ने नेपाली समाज जस्तो ठाउँमा त झन् यसले केन्द्रीय भूमिका नै खेलेको हुन्छ । नेपाली समाजमा जातकै आधारमा काम र आर्थिक उत्पादनका स्रोत र साधनको वितरण मात्र गरिएको छैन यसलाई नै आधार बनाएर धार्मिक संस्कृतिको पनि निर्माण गरिएको छ । जातकै आधारमा समाजमा मानिसको स्तर निर्धारण गर्ने र सामाजिक भूमिका प्रदान गर्ने परम्परा यहाँ विद्यमान छ । दलित, जनजाति आदि जातीय समुदायहरू शोषित, पीडित र अपहेलित अवस्थामा रहेका छन् भने ब्राम्हण, क्षेत्रीहरू प्रभुत्व र हैकमशाली अवस्थामा छन् ।

सांस्कृतिक अध्ययनमा पहिचान र प्रतिनिधित्व महत्त्वपूर्ण पाटो हो । कुनै पनि साहित्यिक कृतिमा आएका पात्र, विषय, विचार एकातर्फ वैयक्तिक र अर्कोतर्फ सामाजिक/सामूहिक हुन्छन् । सामाजिक सदस्यका रूपमा मान्छे बाँचेको सामाजिक र सांस्कृतिक संरचनाले उसको परिचय गराइरहेको हुन्छ र त्यही संरचनाभित्र नै उसले आफू र आफ्नो पहिचानलाई प्राप्त गरेको हुन्छ । पहिचान र प्रतिनिधित्व एक अर्कामा सम्बन्धित कुरा हुन् । पहिचान स्थापित गर्न कहिले काहीँ सङ्घर्षको पनि जरुरत पर्न जान्छ । यो स्थिर नभई परिवर्तनशील हुन्छ । यो ऐतिहासिक, सामाजिक मूल्य मान्यताद्वारा निर्मित हुन्छ । सांस्कृतिक अध्ययनमा कृतिमा प्रस्तुत चिन्तनको प्रतिनिधित्व सम्बद्ध व्यक्ति, समुदाय, जाति, वर्ग, क्षेत्रले गरेको छ वा अन्य कुनै वर्ग वा जातिले गरेको छ भन्ने कुराले महत्त्व राख्छ । फुकोका अनुसार प्रत्येक व्यक्ति आफ्नो प्रतिनिधि हो । यसरी सीमन्तकृत वर्गको प्रतिनिधित्व कृतिमा कसरी भएको छ, यसलाई हेर्नु पर्दछ । समकालीन नेपाली कथामा पहिचान र प्रतिनिधित्वको सन्दर्भलाई हेर्दा यस शीर्षकअन्तर्गत रहेर विश्लेषण गरिन्छ ।

### *आर्थिक संस्कृति*

सांस्कृतिक स्वरूपको निर्माणमा आर्थिक स्वरूप र संरचनाले मुख्य भूमिका निर्वाह गरेको हुन्छ । आर्थिक संरचना वा वितरणले नै समाजमा वर्गको निर्माण गर्छ । नेपाली समाज वर्गभेदका विविध रूप भएको समाज हो । यस समाजमा रहेको वर्गीय व्यवस्थालाई मूलतः उच्च, मध्यम र निम्न वर्गीय धरातलमा बाँडिएको छ । यी वर्गभित्र प्रशस्त वर्गीय असमानताहरू विद्यमान रहेका छन् । देशको आर्थिक उत्पादनको ठूलो हिस्सामा आफ्नो जबर्जस्त स्वामित्व जमाएको उच्च वर्गका तुलनामा मध्यम र निम्न वर्गको आर्थिक पहुँच ज्यादै कम देखिन्छ । समाजमा यस प्रकारको वर्गीय असमानता देखा पर्नुको मुख्य कारण उत्पादन र वितरणमा रहेको असन्तुलन हो ।

हुने खाने र हुँदा खानेका जीवनमा रहेको ठूलो खाडल नै वर्गीय भेदको मुख्य पक्ष हो । आज नेपाली साहित्यका प्रायः कृतिहरूले समाजमा रहेको यस्तै असमान उत्पादन र वितरण प्रणाली, श्रमिक र शोषक वर्गका बीचमा रहेको विभेदकारी अवस्थालाई प्रस्तुत गरेका छन् । यसरी समकालीन नेपाली कथाको अध्ययन गर्दा यस आधारलाई छुटाउन मिल्दैन ।

### *लैङ्गिक संस्कृति*

लैङ्गिकता प्राकृतिक नभई विशिष्ट सामाजिक सांस्कृतिक संरचनामा पुरुष वा स्त्रीलाई दिएको भूमिका हो । यो भिन्न सामाजिक संरचनामा भिन्न भिन्न हुन सक्छ । यो मूलतः समाजले नै निर्माण गरेको आदर्श, भूमिका र व्यवहार हो । लिङ्ग जैविक पहिचान हो भने लैङ्गिकता सामाजिक भूमिका हो । एउटा पुरुषले लिङ्गगत हिसावले पुरुष भएकै कारण र एउटी महिलाले स्त्री भएकै कारणले समाजका भूमिका र दायित्व निर्वाहमा फरक देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा महिलाहरू ज्ञान, शक्ति र अवसरबाट वञ्चित छन् र उनीहरूलाई समाज व्यवस्थाको सीमान्त अवस्थामा पुऱ्याएको छ । महिलाहरू सामाजिक र सांस्कृतिक रूपले मात्र नभएर आर्थिक रूपले पनि शोषित र पीडित भएको देखिन्छ । यस अध्ययनले महिला र पुरुषका बीचमा हुने गरेका असमानताका व्यवहारको विरोध गर्ने र सामाजिक समानताको पक्षमा आवाज उठाउने गर्छ । साहित्यिक कृतिमा लैङ्गिक संस्कृति हेर्दा यिनै कुरालाई मुख्य केन्द्रमा राखिन्छ र महिला वा पुरुष पात्र वा प्रतिनिधिलाई के कस्ता भूमिका दिइएको छ, कृतिमा उसको स्थान कस्तो छ र लिङ्गगत हिसाबले समाजमा हुँदै आएका विभेदका विरुद्ध के कस्तो चेतनाको प्रवाह भएको छ भन्ने कुरा हेरिन्छ । समकालीन कथाको अध्ययन गर्दा पनि मूलतः यिनै कुराहरूलाई हेरिन्छ ।

### *शक्तिकेन्द्रको विरोध : सांस्कृतिक रूपान्तरणको सन्दर्भ*

शक्तिकेन्द्र माथि अर्थात् सत्तामा मात्र हुन्छ र त्यो परिधितिर विस्तारित हुन्छ भन्ने मान्यताको विपरीत ज्ञान र शक्तिको आधार परिधिमा पनि रहेको हुन्छ जो शक्तिकेन्द्रको प्रतिरोध गर्दै माथितिर जाने प्रयास गरिरहेको हुन्छ भन्ने मान्यता सांस्कृतिक अध्ययनमा रहेको देखिन्छ । ज्ञान शक्तिको स्रोत हो । ज्ञानरूपी शक्तिको प्रयोग हरेक कालखण्डको विमर्शात्मक संरचनामा हुन्छ तर त्यो परम्परागत रूपमा स्वीकार गरिएझैं केन्द्रबाट परिधितिर मात्र फैलिएको हुँदैन । त्यसैले शक्तिको स्रोत केन्द्र मात्र हो भन्न सकिने स्थिति रहँदैन । परिधिको शक्तिमाथि सधैं केन्द्रको शक्तिले शासन चलाइरहन चाहान्छ, तर परिधिको शक्तिले पनि समान हैसियतमा केन्द्रमा आउने प्रयासमा लागिरहेको हुन्छ । यिनै शक्तिकेन्द्रसँग सम्बद्ध रहेर उच्च र लोकप्रिय संस्कृतिको विकास भइरहेको हुन्छ । उच्च संस्कृतिको नेतृत्व केन्द्रीय शक्तिले गरिरहेको हुन्छ भने परिधिको शक्तिले लोकप्रिय संस्कृतिलाई अगाडि बढाइरहेको हुन्छ (श्रेष्ठ, २०६८ : ३९) । यसरी सांस्कृतिक अध्ययनमा सीमान्तमा रहेको शक्तिले केन्द्रमा रहेको शक्तिको विरुद्ध आफ्नो पहिचानका लागि कसरी प्रतिरोध गरिरहेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

### *राजनीतिक सन्दर्भ*

कुनै पनि समाज वा राष्ट्रको सांस्कृतिक स्वरूपको निर्माणमा राजनीतिले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । राजनीति प्रत्यक्ष रूपमा सत्तासँग जोडिएको हुन्छ र सत्ताले नै देशको सांस्कृतिक संरचनामा आधिकारिकता प्रस्तुत गर्ने गर्दछ । देशमा भएको राजनीतिक जागरणअनुरूप नीति नियम, विधिविधान बन्छन् र यी सबैको सम्बन्धले समाजमा सांस्कृतिक संरचनाको निर्माण हुने गर्छ । तसर्थ कृति लेखिएको समय र भूगोलको राजनीतिक अवस्था, लेखकको राजनीतिक दृष्टिकोण, विद्यमान राजनीतिक मान्यताले समाज र संस्कृतिमा पारेको प्रभाव आदिको अध्ययन हुनु आवश्यक देखिन्छ ।

### *स्थान/परिवेशगत सन्दर्भ*

समाजको स्थानगत विभाजनले पनि सांस्कृतिक संरचनामा पृथक अवस्था देखा पर्छ । समाजमा कुनै एउटा संस्कृति केन्द्रमा र अन्य परिधिमा रहनुमा स्थानगत सन्दर्भले पनि भूमिका खेलेको हुन्छ । आजको समाजमा गाउँ र सहरका बीच पर्याप्त भिन्नता रहेको देखिन्छ । सहर हरेक सुविधाहरूबाट सम्पन्न रहेको हुन्छ भने गाउँ त्यसबाट वञ्चित रहेको हुन्छ । गाउँ र सहरमा हुने प्राप्ति र अप्राप्तिको यो भिन्नताले त्यहाँको सांस्कृतिक कलेवरलाई पनि फरक रङ दिएको हुन्छ । गाउँका तुलनामा सहर शक्तिसम्पन्न र प्रभुत्वशाली रहेको हुन्छ । समाजको मूलधारबाट भौगोलिक सबाल्टर्न बनेकाहरूको सांस्कृतिक इतिहासको अध्ययन अहिले उल्लेखनीय सवालका रूपमा उठेको देखिन्छ ।

## निष्कर्ष

संस्कृति मानिसले समाजबाट सिक्ने वा प्राप्त गर्ने व्यवहार हो । सांस्कृतिक अध्ययन आफैँमा खुला, अनुशासनविरोधी र बहुलतावादी अध्ययन पद्धति हो । समकालीन नेपाली कथाको सांस्कृतिक अध्ययन गर्नका लागि उपयुक्त बुँदाबाहेक ज्ञानको विमर्शात्मक संरचना, केन्द्र र परिधिका बीचको सम्बन्ध र विरोध, परिधिले केन्द्रतिर जानका लागि गरेको प्रतिरोधको चेतना, सामाजिक-सांस्कृतिक विभेदको विरोध, सांस्कृतिक रूपान्तरण र बहुलता, कृति र कृतिकारका बीचको सम्बन्ध, शक्ति, स्रष्टा र सबाल्टर्नको सम्बन्ध आदि सन्दर्भहरूलाई पनि कथा विश्लेषणमा आवश्यकताअनुसार प्रयोग गर्दा अध्ययनले अझ व्यवस्थित र सघन स्वरूप पाउँछ । यहाँ उल्लिखित मूल शीर्षकमा रहेका सन्दर्भहरूको अध्ययन गर्दा आवश्यकताअनुसार उपशीर्षकहरूको व्यवस्था गरी समकालीन नेपाली कथाको अध्यनय गरी त्यसकै आधारमा प्राप्त हुने निष्कर्षलाई प्रस्तुत गरिन्छ ।

## सन्दर्भसामग्रीसूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा* (दो.सं.), अक्षर क्रियसन ।
पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।
भट्टराई, रमेश, 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी*-१९,२०७०, पृ.३३५-३६४ ।
श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।